# कुम्मायक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### यासोक, पाँचथर
### प्रदेश नं.१, नेपाल ।

प्रथम पटक प्रकाशित मितिः २०७९/०६/०७

**तमोर नदिस्थित जयरामघाट क्षेत्रबाट गिटी, बालुवा र ग्राभेल लिलाम तथा विक्री सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सुचना ।**

कुम्मायक गाउँपालिका भित्रको सिमाना भएर बग्ने तमोर नदी जयरामघाटबाट स्वीकृत IEE प्रतिवेदनले निर्दिष्ट गरेको नदिजन्य पदार्थ उत्खनन् क्षेत्रमा उत्खनन् तथा प्रशोधन गरी स्टक गरी राखिएको गिटी, बालुवा र ग्राभेल लिलाम तथा विक्री गर्न तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही उल्लेखित न्युनतम कबोल अंकमा नघट्ने गरि ७ (सात) दिने यो सुचना प्रकाशित गरिएको छ ।

| क्र.स. | लिलाम विक्री नं: | कामको विवरण | न्युनतम कबोल अंक (मु.अ.क. बाहेक) | दरभाउपत्र फाराम दस्तुर |
|---|---|---|---|---|
| 1 | 2079-80-Auction-1 | कुम्मायक गाउँपालिका भित्रको सिमाना भएर बग्ने तमोर नदी जयरामघाटबाट स्वीकृत IEE प्रतिवेदनले निर्दिष्ट गरेको नदिजन्य पदार्थ उत्खनन् क्षेत्रमा उत्खनन् गरी स्टक राखिएको गिटी, बालुवा र ग्राभेल लिलाम विक्री मूल्य । | ५१ ६६,३९७,/- | १०००/- |

<u>शर्तहरु:</u>

- दरभाउपत्र फराम यो सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उपर्युक्त वमोजिमको दस्तुर तिरी यस कार्यालयवाट कार्यालय समयमा खरिद गर्न सकिने छ । दरभाउपत्र फारम दस्तुर बैंक मार्फत बुझाउन चाहाने ठेकेदार, फर्म वा कम्पनीहरुले यस कार्यालयको मेगा बैंक शाखा कुम्मायक स्थित आन्तरिक राजस्व खाता नं ०९६००१०३७३४७४ (कुम्मायक गाउँपालिका आन्तरीक राजश्व खाता ग १.१) मा जम्मा गरि सोको सक्कल भौचर समेत उपलब्ध गराउनु पर्नेछ ।
- दरभाउपत्र साथ आफुले कवोल गरेको अङ्कको ५ (पाँच) प्रतिशत ले हुन आउने रकम यस कार्यालयको मेघा बैंक शाखा कुम्मायक स्थित धरौटी खाता नं. ०९६००१००२१०१४ मा जम्मा गरेको सक्कल भौचर, नागरिकताको प्रमाणपत्रको प्रतिलिपी साथै राखी खाम बाहिर प्रष्ट बुझिने गरि गिटी, बालुवा र ग्राभेल लिलाम विक्री कार्यको सिलबन्दी दरभाउपत्र उल्लेख गरि व्यवसाय दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्वर तथा कर चुक्ताको प्रमाणपत्र समेत समावेश हुनुपर्नेछ । खरिद भएको दरभाउपत्र स्पष्टसँग भरि सिलबन्दी लाहाछाप लगाई यो सूचना प्रकाशित भएको मितिले ७ औँ दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता गराइ सक्नु पर्नेछ । दरभाउपत्र दाताले दरभाउपत्रमा कुनै संशोधन गर्न चाहेमा ७ औँ दिनको १२ बजे भित्रमा संशोधन गरि पुनः दरभाउपत्र निवेदन दर्ता गराइ सक्नु पर्नेछ ।
- रीत पुर्वक दर्ता हुन आएका दरभाउपत्रहरु दाखिला गर्ने अन्तिम दिन दिनको २ बजे कार्यालयको प्रतिनिधिहरु एवं दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि दरभाउपत्र खोल्ने काममा बाधा पर्ने छैन । दरभाउपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्यहरु विदाको लगतै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ । न्युनतम कबोल अंक भन्दा घटी कबोल गरि सिलबन्दी दरभाउपत्र पेश गर्न पाईने छैन,

CamScanner

# कुम्मायक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### यासोक, पाँचथर
### प्रदेश नं.१, नेपाल।

प्रथम पटक प्रकाशित मितिः २०७९/०६/०७

साथै ठेकेदार, फर्म वा कम्पनीहरुबाट कुनै शर्त राखिएको वा रीत नपुगेको सिलबन्दी दरभाउपत्र माथि कुनै कारवाही गरिने छैन।

- ठेकेदार, फर्म वा कम्पनीले सम्झौताको समयमा सम्पूर्ण कबोल अंकको पहिलो किस्तामा ५० (पचास) प्रतिशत रकम बुझाउनु पर्नेछ र बाँकी ५० (पचास) प्रतिशत रकम सम्झौताको म्याद सकिन एक हप्ता अघि बुझाउनुपर्ने छ तर यसरी दुई किस्तामा रकम बुझान, बुझाउनु पर्ने रकम भन्दा २६ प्रतिशतल बढी रकम बराबरको ग्यारेन्टी कार्यालयाले तोकेको ढाँचामा मान्यता प्राप्त बैंकबाट ल्याउनुपर्नेछ। सम्झौताकै समयमा सम्झौताको सबै किस्ता दाखिला गर्ने दरभाउपत्रदाताले समझौता रकमको १३ प्रतिशतले हुन आउने रकम बराबरको ग्यारेनटी कार्यालयाले तोकेको ढाँचामा मान्यता प्राप्त बैंकबाट ल्याउनुपर्नेछ।
- किस्ता रकम म्याद भित्र बुझाउनु पर्नेछ। म्यादभित्र नबुझाएमा कार्यालयलाई ०.०५ प्रतिशत प्रति दिन, सो किस्तामा बुझाउन बाँकी रकमको हिसावले हुन आउने जरिवाना रकम दरभाउपत्रदाताले तिर्नु पर्नेछ।
- कुनै कारण देखाइ दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार कार्यालयमा रहनेछ। दर्ता हुन आएका दरभाउपत्र मध्ये स्वीकृत दरभाउपत्रवालालाई सम्झौता गर्न आउन भनि सूचना दिइने छ। सम्झौताको म्याद ४५ (पैंतालीस) दिनको हुनेछ अर्थात लिलाम गरिएको निर्दिष्ट परिमाण सो समयावधी भित्र सम्बन्धित क्षेत्रबाट निकालि सक्नुपर्नेछ।
- दरभाउपत्रदाताले दरभाउपत्रमा मूल्य अभिवृद्धि कर बाहेको ठेक्का अंक उल्लेख गर्नुपर्ने छ। प्रचालित कानुन बमोजिम लाग्ने कर दस्तुर लगायतका बुझाउनु पर्ने रकम कारोबार गर्ने दरभाउपत्रदाता आफैले बुझाउनु पर्नेछ सो को प्रमाण कार्यालयमा दिनुपर्नेछ।
- दरभाउपत्र साथ रहेको धरौटी रकम वा ग्यारेन्टी सम्झौताको अवधि समाप्त भएपछि राजस्व कार्यालयबाट कर चुक्ताको प्रमाण पेस गरेपछि मात्र फिर्ता दिइनेछ।
- सम्झौताको अवधि भित्र कुनै विवाद सिर्जना भएमा कुम्मायक गाउँपालिकाको निर्णय अन्तिम हुनेछ।
- यस कार्यालयको छाप र कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट प्रमाणित नगरिएको दरभाउपत्रलाई मान्यता दिइने छेन।

कुम्मायक गाउँ कार्यपालिकाको कार्यालय
यासोक, पाँचथर

CamScanner